# स्थानीय राजपत्र

## धुनिवेशी नगरपालिका

(खण्ड ३) खानीखोला, धादिङ, २०७६ साल मंसिर ३ गते (संख्या ३)


# भाग २

### धुनिवेशी नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि २०७५ (पहिलो संशोधन), २०७६

धुनिवेशी नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

धुनिवेसी नगरपालिकााको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी धुनिवेसी नगर कार्यपालिकाको निर्णय अनुसार देहायको कार्यविधि बनाएको छ ।

१, संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम धुनिवेशी नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि २०७६ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२, धुनिवेशी नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धी कार्यविधि २०७५ को दफा ३ को उप-दफा (३) पछि देहाय अनुसारको उप-दफा (४) थप गरीएको छ ।

“(४) यस अघि जिल्ला विकास समितिबाट इजाजत लिइ सेवा संचालन गर्दे आएका “घ” वर्गका निर्माण व्यवसायीहरुले यस नगरपालिकामा इजाजत पत्र दर्ता/नबीकरणका लागि निवेदन दिएमा निवेदकको इजाजत पत्रमा नियमानुसार लाग्ने जरिवाना र दर्ता दस्तुर समेत लिइ आवश्यक कागजात समेतको आधारबाट अभिलेख कायम गरी दर्ता तथा नवीकरण गर्न सकिने छ”

आज्ञाले,

गोविन्द सिग्देल

प्रमुख प्रशासकीय अधिकृत

धुनिवेशी नगरपालिकाद्धारा प्रकाशित । मुल्य रु.१०